




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १५९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार ७ गते शनिबार ❑ 21 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## 'देश र जनताका आवश्यकताका आधारमा सरकारले काम गरिरहेको छ'

**पोखरापत्र संवाददाता**
लमजुङ, ६ असार

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले देश र जनताका आवश्यकताका आधारमा सरकारले काम गरिरहेको बताउनुभएको छ ।



लमजुङ बेँसीसहर नगरपालिका-८ मा शुक्रबार आयोजित नेकपा (एमाले) जिल्ला कमिटी लमजुङको वार्षिक समीक्षा बैठकलाई सम्बोधन गर्दै उहाँले जनताले वर्तमान सरकारले राम्रो काम गरेको हेर्न चाहेकाले सोही अनुरुप काम गरेर जनताको आशा र विश्वास पूरा गर्ने बताउनुभयो। सरकारप्रति गुनासो नआउने गरी सरकार अघि बढिरहेको जिकिर गर्दै उहाँले भन्नुभयो, "अहिले प्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री, पालिका प्रमुखहरुले कस्ता काम गरेका छन् भनेर जनताले मूल्याङ्कन गरिरहेका छन् ।" सरकारले गर्ने कामका आधारमा जनमत बढ्ने र घट्ने भएकाले त्यसतर्फ ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

पार्टी बलियो बनाउन पार्टीका नेता तथा कार्यकर्ताले जतिसुकै खटिए पनि जनप्रतिनिधिले राम्रो काम गरेमा मात्र पार्टीप्रति जनता आकर्षित हुने उहाँको भनाइ छ ।

"हामी फेरि २०४८ तिरकै कार्यशैलीमा फर्कनुपर्छ । त्यतिबेलाकैआचरणमाफर्कनुपर्छ। आचरणमा सुधार हुनुपर्छ। हामी नैतिकवान, इमान्दार, शासकीय सुधारमा क्षमतावान बन्न सकेमा मात्र हाम्रो साथमा जनता हुनेछन् । हामी जनतामाझ हुनेछौँ", उहाँले भन्नुभयो ।

## हल गोरु पाल्ने किसानलाई आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
वालिङ, ६ असार

स्याङ्जाको फेदीखोला गाउँपालिकाले हलगोरु पाल्ने किसानलाई प्रोत्साहनका लागि अनुदान दिएको छ ।

परम्परागत कृषि प्रणालीको संरक्षण र कृषकलाई आर्थिक प्रोत्साहन दिने उद्देश्यले हल गोरु पाल्ने किसानलाई अनुदान दिएको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले बताउनुभयो ।

पछिल्लो समय गाउँगाउँमा गोरु पाल्न छाड्ने क्रम बढ्दै गएपछि हलगोरु पाल्ने किसानलाई प्रोत्साहनस्वरुप प्रतिहल रु १० हजार अनुदान दिइएको हो । फेदीखोला गाउँपालिकाका पाँचवटै वडाबाट हल गोरुको तथ्याङ्क सङ्कलन गरी प्रोत्साहन अनुदान प्रदान गरेको हो । हल गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदान कार्यक्रमअन्तर्गत २२४ जना किसानहरू समेटिएका छन् । कुल २९० हल गोरुका लागि रु १४ लाख ४५ हजार अनुदान वितरण गरिएको उहाँले बताउनुभयो । यो कार्यक्रममार्फत आर्थिक, सामाजिक, पर्यावरणीय र सांस्कृतिक महत्वलाई जोगाइ राख्नका लागि टेवा पुग्ने गाउँपालिकाको अपेक्षा छ ।

"हल गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदानले विशेषगरी आर्थिक, सामाजिक, पर्यावरणीय, सांस्कृतिक रूपमा समेत प्रभाव पार्ने देखिन्छ," उहाँले भन्नुभयो, "किसानको मनोबल बढाउँदै दिगो, आत्मनिर्भर र सांस्कृतिक रूपमा समृद्ध कृषि प्रणालीतर्फ सकारात्मक सङ्केत दिएको छ ।" किसानको उत्पादन लागत घटेर आम्दानी बढ्ने, सामूहिक श्रम र पराम्परागत कृषि अभ्यासको पुनर्जीवनमा टेवा पुग्ने विश्वास उहाँको छ। यान्त्रिक प्रविधिहरूको प्रयोगबाट हुने जोताइको सट्टामा वातावरणमैत्री विधिको प्रोत्साहनमा जोड दिएको हो । "पछिल्लो समय गोरु पाल्ने चलन हराउँदै गएको छ, हाम्रो परम्परा मेटिँदै गएको छ," उहाँले भन्नुभयो, "एकातिर हाम्रो परम्पराको संरक्षण हुने र अर्कोतर्फ जैविक मल घरमै उत्पादन गर्न सकिने भएकाले गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदान उपलब्ध गराएका हौँ ।"

यो कार्यक्रममा गाउँपालिकाको ७५ प्रतिशत अनुदान र किसानको २५ प्रतिशत लागत साझेदारी रहेको फेदीखोला गाउँपालिका पशुपक्षी विकास उपशाखाका प्रमुख भगवानदेव यादवले बताउनुभयो । गाउँपालिकाले हल गोरु पालेका किसानहरूलाई प्रोत्साहन अनुदान दिनेसम्बन्धी सूचना सार्वजनिक गरेपछि वडावडाबाट निवेदन सङ्कलन भएको थियो । सङ्कलन भएका निवेदनहरूउपर जनप्रतिनिधि तथा कर्मचारीहरू घरघरमै पुगेर अनुगमनपश्चात् प्रमाणित भएपछि सम्बन्धित किसानको बैङ्क खातामा रकम जम्मा गरिदिने भएको उहाँले बताउनुभयो । "एउटै किसानले पालेको एक हल गोरु अथवा दुईजना किसानको मिलाएर एक हल गोरु बनाइएको रहेछ भने पनि पालिकाले प्रोत्साहनस्वरुप ७५ प्रतिशत अनुदान दिन्छ," उहाँले भन्नुभयो, "गोरु पाल्ने किसानहरूको सबै तथ्याङ्क सङ्कलन गरी प्रक्रिया पूरा भइसकेको छ।"

## देशमा बहुआयामिक र चौतर्फी ढङ्गले विकास गर्दैछौँ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, ६ असार

प्रधानमन्त्री केपी शर्मा ओलीले ग्वार्कोमा नवनिर्मित 'फ्लाई ओभर' ले ग्वार्कोसहित आसपासका क्षेत्रमा हुने सवारी जामको समस्या समाधान गर्ने बताउनुभएको छ।

शुक्रबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयद्वारा आयोजित कार्यक्रममा नवनिर्मित फ्लाई ओभरको उद्घाटन गर्दै उहाँले सरकारले बहुआयामिक र चौतर्फी ढङ्गले विकास अगाडि बढाएकाले यसमा सबैको साथ रहने विश्वास व्यक्त गर्नुभयो ।

काठमाडौँ चक्रपथको कलङ्की-कोटेश्वर खण्डमा निर्मित ग्वार्को फ्लाई ओभरको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले निर्माण गरेको हो । इञ्जिनियरिङ प्रोक्युरमेन्ट कन्स्ट्रक्सन (इपिसी) ढाँचामा रु १७ करोड छ लाख ८८ हजारमा आशिष समानान्तर रेलिगेर जेभीद्वारा निर्मित उक्त फ्लाई ओभर नेपालको पहिलो हो ।

कुल पाँच सय मिटर 'अप्रोच' सडक रहेको यसमा ३५ मिटर स्पानको चार लेन पुल निर्माण भएको छ। ग्वार्को चोकको ट्राफिक जामलाई हटाउन २०७८ सालमा यसको निर्माण आरम्भ भएको थियो। "हामी विकासको बाटोमा लगातार अगाडि बढिरहेका छौँ । हिजो दैलेखमा नेपाललाई ५० वर्ष पुग्ने मिथेन ग्यास रहेको प्रमाणित भयो ।

तीनवटा कुवामध्ये एउटा कुवाबाट त्यति ग्यास पैदा हुन्छ । त्यसको उत्खननको सुरुआत गरेका थियौँ । धौवादी फलाम कारखाना सुरु भएपछि नेपालमा फलाम उत्पादन भई देशको अर्थतन्त्रलाई धेरै अगाडि बढाउने छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "यसरी विकास हुँदा विदेश जाने मुद्रा स्वदेशमा रहन्छ। ठूलो आर्थिक लाभसहित रोजगारी सृजना हुन्छ । अरु खनिजको उत्खनन, कृषिको आधुनिकीकरण गर्नेछौँ । नयाँ उद्योग स्थापना, सामाजिक र प्रशासनिक सुधार गरेर देशलाई अगाडि बढाउनेछौँ।"

सुनकोशी-मरिन डाइभर्सन आयोजना र हुलाकी राजमार्गले तराईको मुहार फेर्ने र मेची-महाकालीको कायाकल्प गर्ने बताउँदै उहाँले देशले पूर्वाधार विकासका क्षेत्रमा गति लिँदै गएको बताउनुभयो । उहाँले मदन भण्डारी राजमार्ग, पुष्पलाल मध्यपहाडी राजमार्गलगायत अन्य आयोजनाले पनि गति लिइरहेका उल्लेख गर्नुभयो ।

## बाँदर नियन्त्रण गर्न सामुदायिक वनमा फलफूलखेती गरिने

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ असार

बागलुङको काठेखोला गाउँपालिकाले बाँदर नियन्त्रणका लागि सामुदायिक वनमा फलफूल खेती गर्ने भएको छ।

बढ्दो बसाइँसराइका कारण रित्तिदै गएका गाउँमा बाँदर आतङ्क बढ्दै गएपछि गाउँपालिकाले सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्य फलफूल तथा गीठा, तरुल, भ्याकुर र कन्दमूलको खेती गर्ने भएको हो।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## वामपन्थी ध्रुवीकरणका लागि नेताहरूबीच भेटवार्ता

**रासस**
काठमाडौँ, ६ असार

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनाल, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा बाबुराम भट्टराई, नेपाल कम्युनिष्ट पार्टी (मसाल)का महासचिव मोहनविक्रम सिंह, नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दबीच शुक्रबार भेटवार्ता भएको छ।

नेताहरूको भेटवार्तामा पछिल्लो राजनीतिक अवस्था, यथास्थितिवाद, पुनरुत्थानवाद र वामपन्थी आन्दोलनभित्र प्रकट भइरहेका विभिन्न अवसरवादी चरित्रबारे छलफल गरिएको हो । पछिल्लो राजनीतिक परिस्थिति र वामपन्थी एकताका विषयमा छलफल भएको थियो। वामपन्थी शक्तिहरूबीच वैचारिक, साङ्गठनिक ध्रुवीकरण गर्ने विषयमा समीक्षा गरिएको छलफलमा सहभागी नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्माले जानकारी दिनुभयो। आगामी दिनमा शक्ति सन्तुलन, राष्ट्रिय स्वाधीनता, जनताको आर्थिक तथा सामाजिक रुपान्तरणका मुद्दामा साझा समझदारी कायम गर्ने एकापसमा सहकार्य गर्ने विषयमा नेताहरूले प्रतिबद्धता व्यक्त गर्नुभयो। उक्त बैठकमा सहभागी नेताहरूले वामपन्थी एकताको विकल्प नभएको ठहर गर्दै समान विचारधाराका दल तथा समूहसँग समन्वय र सहकार्य गर्ने निष्कर्ष निकालिएको छ।

## मनसुन प्रणाली देशभर फैलियो

**रासस**
काठमाडौं, ६ असार

यस वर्षको मनसुन प्रणाली शुक्रबारदेखि देशभर फैलिएको छ। मौसम पूर्वानुमान महाशाखाले शुक्रबार विशेष मौसम बुलेटिन निकालेर २३ दिनपछि मनसुन देशभर फैलिएको जनाएको हो ।

यस वर्षको मनसुन जेठ १५ गते देशको पूर्वी भागबाट प्रवेश गरी कोशी प्रदेशको अधिकांश भूभागमा विस्तार भएकामा जेठ २९ गते मधेस, बागमती र गण्डकी प्रदेशका केही भाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रका केही भागसम्म विस्तार भएको थियो ।


मौसमविद् प्रतिमा मानन्धरले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा शुक्रबारदेखि मनसुन फैलिएसँगै अब देशभर मनसुन सक्रिय रहने बताउनुभयो । "हाल कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका केही भाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रमा मनसुनी वायुको प्रभाव छ। साथै देशका पश्चिम भागमा पश्चिमी र स्थानीय वायुको आंशिक प्रभाव छ", उहाँले भन्नुभयो, "भारतको पश्चिम बङ्गाल आसपासका क्षेत्रमा बनेको न्यूनचापीय क्षेत्रको पनि आंशिक प्रभाव छ।"

## 'गण्डकी लोकतारा'को फाइनल शनिबार

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल गण्डकी प्रदेश समितिद्वारा आयोजित लोकगायन प्रतियोगिता 'प्रथम गण्डकी लोकतारा'को फाइनल प्रतिस्पर्धा शनिबार पोखरामा हुने भएको छ।

प्रतिभा पहिचानसँगै लोकसङ्गीत जगेर्ना गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा १८ प्रतिस्पर्धीले भाग लिने प्रतिष्ठानको गण्डकी प्रदेश कार्यसमितिका अध्यक्ष राजन कार्कीले जानकारी दिनुभयो। मुस्ताङ र मनाङबाहेक गण्डकी प्रदेशका नौ जिल्लामा 'अडिसन'बाट छनोट भएका प्रतिभाले फाइनलमा प्रतिस्पर्धा गर्ने भएका हुन् । प्रतियोगिताको निर्णायकमा गायक दुर्गा रायमाझी, पुरूषोत्तम न्यौपानेलगायत रहनुभएको छ । प्रतिष्ठानको प्रदेश कार्यसमितिले पहिलोपटक प्रदेशस्तरीय बृहत् लोकगायन प्रतियोगिता आयोजना गरेको अध्यक्ष कार्कीले बताउनुभयो । प्रतियोगितामाप्रथमपुरस्कार'गण्डकी लोकतारा' उपाधिसहित ५१ हजार १११, द्वितीयलाई ३१ हजार १११, तृतीयलाई २१ हजार १११ र सान्त्वना पुरस्कार ११ हजार १११ राखिएको छ।

# पर्यटक लोभ्याउँदै भुजुङ गाउँ

**पोखरापत्र संवाददाता**
गण्डकी, ६ असार

ढुङ्गा र जस्ताले छाएका गुजुमुज्ज घरहरू, ढुङ्गाले छापिएका चोक र बाटो। प्राचीन मौलिक गुरुङ संस्कृतिको जीवन्त सङ्ग्रहालयभैँ छ, लमजुङको क्व्होलासोथार गाउँपालिका-४ स्थित भुजुङ। एउटै वडा एउटै गाउँ हो भुजुङ।



जिल्लाकै ठूलो र सिरान गाउँको रूपमा परिचित भुजुङ समुद्री सतहदेखि करिब एक हजार ६०० मिटरको उचाइमा छ। गाउँको उत्तरतर्फ घना जङ्गल, घाँसे मैदान र खर्कका साथै लमजुङ हिमाल, अन्नपूर्ण हिमाल देखिन्छ। गुरुङ समुदायका परम्परागत रीतिरिवाज, वेषभूषा, भाषा, संस्कृति र पहिचानलाई जीवन्त राखिएको भुजुङ समाजका पूर्व अध्यक्ष तथा घरबास सञ्चालक रामचन्द्र गुरुङले बताउनुभयो।

उहाँले प्राचीन शैलीका घुमाउने घर जस्ता संरचनाले यहाँ आउने जो कोही लोभिने बताउनुभयो। कूल ५०० घरधुरी रहेको यस गाउँमा ३३ घरमा घरबास सञ्चालन गरिएका छन्। भुजुङ सामुदायिक होमस्टेका अध्यक्ष तुलबहादुर गुरुङका अनुसार गाउँमा २०६३ सालदेखि घरबास सञ्चालन गरिएको हो। हाल घरबासमा दैनिक ५० देखि ६० जना पर्यटक आउने गर्छन्। पर्यटकलाई स्थानीयले आतिथ्यतासँगै कोदोको ढिँडो, सिस्नो, गुन्द्रुक, निउरो, कुरिलो, पिँडालुका परिकार र कोदोको रक्सी, खसी कुखुराको मासु ख्वाउने गरेका छन्। स्थानीयले भुजुङलाई लुकेको गाउँसमेत भन्न रुचाउँछन्। यस गाउँमा ९० प्रतिशत गुरुङ छन्। त्यसैले गुरुङ समुदायको संस्कार र संस्कृति नियाल्ने महत्वपूर्ण थलो बनेको छ। गाउँको सौन्दर्यता, संस्कार र संस्कृतिको जगेर्ना गर्दै गाउँलाई पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य स्थानीयको छ। गाउँका प्राचीन गुम्बा, चिया बगान, सन्तानेश्वर महादेव मन्दिरलाई पर्यटकीय रूपमा उपयोग गरिने होमस्टेका अध्यक्ष तुलबहादुर गुरुङले बताउनुभयो। सन्तान प्राप्त नभएका दम्पत्तिले यहाँस्थित सन्तानेश्वर महादेव मन्दिरमा पूजाआजा गरेमा सन्तान प्राप्त हुने विश्वास छ। यहाँ पहिलो पटक २०६४ सालमा भुजुङ महोत्सव आयोजना गरिएको थियो। त्यसयता विभिन्न चरणमा प्रवर्द्धनात्मक कार्यक्रम गरिँदै आएको छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालयको आर्थिक तथा प्राविधिक सहयोगमा स्थानीयको आय-आर्जनका लागि घरबास पर्यटन सुरुवात गरिएको थियो। सो कार्य नै यहाँको पर्यटकीय विकासका लागि बरदान सावित भएको छ। सुरुमा १५ वटा घरबाट सुरु गरिएको घरबास अहिले ३३ घरमा विस्तार भएको छ।

भुजुङको पर्यटकीय विकासलाई लक्षित गरी यस गाउँलाई गुरुङ सम्पदा पदमार्गमा समेटिएको गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवम् गुरुङ सम्पदा पदमार्ग कार्यक्रमका संयोजक बोबरजङ्ग गुरुङले बताउनुभयो। "कास्की, लमजुङलगायत यहाँका विभिन्न गुरुङ गाउँबाट सुरु गरी दूधपोखरी, गुरुङ देउरालीलगायतका स्थान समेट्दै प्राचीन नून बोक्न जाने मार्ग, भेडीगोठ र खर्क जोड्नेे मार्गलाई हामीले गुरुङ सम्पदा पदमार्गका रूपमा विकास गर्न खोजेका छौँ", उहाँले भन्नुभयो, "यस पदमार्गमा भुजुङलगायतका गाउँलाई पदयात्रा पर्यटनसँग जोड्दै स्थानीयको आयआर्जन बढाउने लक्ष्य छ।" सङ्घको आयोजना एवम् नेपाल पर्यटन बोर्ड, क्व्होलासोथार गाउँपालिका र मर्स्याङ्दी गाउँपालिकाको सहयोगमा हालै भुजुङसहित सिङ्दी, पसगाउँ, घनपोखरा हुँदै चार हजार ६०० मिटर उचाइको धार्मिक पर्यटकीय गन्तव्य दूधपोखरीसम्म खोज तथा अन्वेषणात्मक पदयात्रा गरिएको छ। जथाभावी बाटो खन्दा पदमार्ग मासिँदै गएकाले पदयात्रा पर्यटनको महत्वपूर्ण विकल्पका रूपमा गुरुङ सम्पदा पदमार्ग विकास गर्न लागिएको सङ्घका अध्यक्ष किसमकुमारी गुरुङले जानकारी दिनुभयो।

# एसओएस हर्मन माइनर स्कुलमा योग प्रशिक्षण

**पोखरापत्र संवाददाता**
गण्डकी, ६ असार

एसओएस हर्मन माइनर स्कुल-पोखरा १० रामबजारमा अन्तराष्ट्रिय योग दिवस मनाइएको छ। दिवसको अवसरमा स्कुलमा योगका वारेमा चर्चा र योग प्रशिक्षण दिइएको थियो।



अन्तराष्ट्रिय योग दिवसको अघिल्लो दिन स्कुलको सभाहलमा भएको योग प्रशिक्षणमा शिक्षक, विद्यार्थी र अभिभावको सहभागिता रहेको थियो। ब्रह्मकुमारी इश्वरीय विश्वविद्यालय पोखरा-१७ विर ठैाका सचिव राजयोगी ब्रह्मकुमार शिशिर योगीले प्रमुख वक्ताको रुपमा योग र ध्यानका वारे चर्चा गरेका थिए। योगीले व्यक्तीको मस्तिस्कलाई नियन्त्रण गर्ने शिक्षा नै योग रहेको बताए। विद्यालयमा अध्यन गर्ने विद्यार्थीहरुलाई ध्यानलाई एकिकृत गर्नका लागि योग महत्वपूर्ण शिक्षा हुने उनको भनाई थियो। यस्तै एसओएस हर्मन माइनर स्कुल-पोखराका नेपाली शिक्षक एवं योग प्रशिक्षकले योगआसनका वारे जानकारी र अभ्यास गराएका थिए। यस वर्षको योग दिवसको नारा 'एक पृथ्वी एक, स्वास्थ्यको लागि योग' भन्ने नारा तय गरिएको छ। स्कुलका प्रधानाध्यापक चुडामणी सुवेदीले मेडीटेसन विनाको जीवन अर्थपूर्ण नहुने चर्चा गरे। विद्यार्थीहरुलाई योग र ध्यानमा लगाएर ध्यानपूर्वक अध्यन गर्न र जीवनमा अनुशासित भएर बाच्न सक्ने बनाउनका लागि योग शिक्षा दिइएको सुवेदीले जानकारी दिए। सामाजिक संजालको प्रयोगले विद्यार्थीमा वेचैनी बढ्दै गएकाले त्यसलाई कम गदै आध्यात्मा तर्फ जोड्ने प्रयास गरिएको उनले बताए। योग प्रशिक्षणमा शिक्षक, विद्यार्थी र अभिभावसहित ४ सय जनाको सहभागिता रहेको थियो। एसओएस हर्मन माइनर स्कुल पोखरा १० रामबजारका व्यवस्थापन समिति अध्यक्ष प्रदिपभक्त आचार्यको अध्यक्षतामा कार्यक्रम भएको थियो।

# प्रतिभामा 'फुटसल' प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असार

पोखरा-३ नदीपुरस्थित प्रतिभा माध्यमिक विद्यालयमा शुक्रबारदेखि फुटसल प्रतियोगिता सुरु भएको छ।




'क्रिएटिभीटी एण्ड स्पोर्टस् फेयर २०८२' अन्तर्गत सुरु भएको प्रतियोगिता दुइदिनसम्म चल्नेछ। माध्यमिक शिक्षा परीक्षा (एसइइ) दिएर बसेका विद्यार्थीलाई लक्षित गर्दै विद्यालयले फुटसल प्रतियोगिता सुरु गरेको हो। प्रतियोगिताको कास्की जिल्ला फुटबल संघका अध्यक्ष उज्जवल रञ्जीतले उद्घाटन गरेका थिए। प्रतियोगिताका संयोजक तथा प्रतिभा माविका प्लस टु इन्चार्ज राकेश जोशीका अनुसार प्रतियोगितामा विभिन्न विद्यालयका २८ वटा टिमले सहभागिता जनाएका छन्। एसइइ परीक्षा दिएर फुर्सदिला बनेका विद्यार्थीलाई खेलकुद गतिविधिमा सक्रिय बनाउनका लागि प्रतियोगिता आयोजना गरिएको जोशीले बताए। जोशीका अनुसार प्रतियोगितामा प्रथम र द्वितीय हुनेले क्रमशः २० र १० हजार रुपैयाँ पुरस्कार राशी सहित ट्रफी र मेडल प्राप्त गर्नेछन्। त्यस्तै सर्वाधिक गोलकर्ता र उत्कृष्ट खेलाडीलाई पनि पुरस्कार दिइनेछ। प्रमुख अतिथि रञ्जीतले खेलाडी पहिचान गर्नका लागि यस्ता प्रतियोगिता उपयुक्त अवसर भएको बताए। 'विद्यालय तहमा अध्ययन गरिरहँदा कतिपय विद्यार्थीले आफ्नो क्षमता देखाउने अवसर पाएका हुँदैनन्,' रञ्जीतले भने, 'फुटसलका यस्ता प्रतियोगिता नयाँ खेलाडी पहिचान गर्ने अवसर हो। बेलैमा उनीहरुको क्षमता पहिचान गर्न सकियो भने त्यसले भविष्यमा अब्बल खेलाडी उत्पादन गर्न सघाउँछ।' फुटबल खेलाडी चन्द्र गुरुङले विद्यार्थीका लागि फुटसलको मैदान क्षमता देखाउने अवसर बनेको बताए। विद्यालयका प्राचार्य किरण सापकोटाले फुटसल प्रतियोगिताले युवापुस्ताको पछिल्लो खेल चाँसोलाई सम्बोधन गरेको बताए। 'अहिले टोलटोलमा फुटसल मैदान तयार छन्। खेलका यी पूर्वाधारले स्वास्थ्यमा पनि लाभ दिलाएको छ। त्यस्तै यसले नयाँ खेलाडी पहिचान र उत्पादनमा पनि योगदान दिएको छ,' सापकोटाले भने, 'खेलाडीले क्षमता देखाउने अवसर पनि पाएका छन्।' कतिपय खेलाडीमा खेलकौशल भएपनि अवसर नपाउँदा उनीहरुको प्रतिभा लुकेर गएको उनले बताए। 'खेलाडीलाई सक्षमता प्रर्दशन गर्ने अवसर पनि यस्तै प्रतियोगिता हुन,' उनले भने। विद्यालयले 'क्रिएटिभीटी एण्ड स्पोर्टस् फेयर २०८२' अन्तर्गत गत असार १ देखि विभिन्न खेलकुद तथा रचनात्मक गतिविधिका प्रतियोगिता संचालन गरिरहेको छ। प्राचार्य सापकोटाका अनुसार असार १ देखि ३ गतेसम्म खेलकुद गतिविधि संचालन भएका थिए।

शुक्रबारदेखि फुटसल प्रतियोगिता सुरु भएको छ। शनिबार हाजिरजवाफ र वक्तृत्वकला प्रतियोगिता हुनेछन। यो अवधिमा छात्रा र छात्रको बास्केटबल, भलिवल, टेवलटेनिस, ब्याडमिन्टन प्रतियोगिता सकिएका छन। 'यो खेल प्रतियोगिता मात्र होइन, एउटा फरक खालको महोत्सव पनि हो,' प्राचार्य सापकोटाले भने, 'यसले विभिन्न जिल्लाबाट आएका सहभागि विद्यार्थीलाई एकअर्कासँग सम्बन्ध विस्तार गर्ने अवसर पनि दिएको छ। नयाँ साथी पहिचान गर्ने अवसर पनि यसले दिलाएको छ।' विद्यालयले अघिल्ला वर्ष पनि एसइइ दिएका विद्यार्थीका लागि यस्तै कार्यक्रम गर्दै आएको थियो। उनका अनुसार विद्यालयले खेलकुद र रचनात्मक गतिविधिमा सबै प्रतियोगितामा उत्कृष्ट हुनेलाई सबैगरि २ लाख ५० हजार रुपैयाँ बराबरको पुरस्कार दिइने पनि विद्यालयले बताएको छ।

# गलेश्वर बजार सौन्दर्यकरण गर्न सडकमा स्लेट ढुङ्गा बिछ्याउन थालियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ असार

बेनी नगरपालिका-९ स्थित म्याग्दीको प्रमुख धार्मिक पर्यटकीयस्थल गलेश्वरको सौन्दर्यकरणका लागि बजारभित्रको सडकमा ढुङ्गा बिछ्याउन थालिएको छ।



हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुस्ताङको मुक्तिनाथ प्रवेशद्वार मानिने गलेश्वर बजारभित्रका सडक र पदमार्गलाई मौलिक, व्यवस्थित र सुन्दर बनाई पर्यटक र भक्तजन आकर्षित गर्न सौन्दर्यकरण योजना सञ्चालन भएको हो। योजनामार्फत गलेश्वर बसपार्कबाट प्रवेशद्धार, गलेश्वर मन्दिर परिसर हुँदै राहुघाट नदी किनारसम्मको पैदलमार्ग सडकमा स्लेट ढुङ्गा बिछ्याइने र किनारामा गमला राखेर फूलका बिरुवा रोपिने बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले बताउनुभयो।

चालु आर्थिक वर्षमा बेनी नगरपालिकाले रु २० लाख, गलेश्वर शिवालय क्षेत्र विकास कोषले रु छ लाख, पुलहपुलस्त्य अन्नक्षेत्र र राधाकृष्ण मन्दिरले रु दुई-दुई लाख विनियोजन गरेको योजना निर्माणका लागि बेनीको एसएस बिल्डर्सले रु २४ लाख ३६ हजार ५७१ मा ठेक्का लिएको थियो।

सडकलाई सम्याउने, नाली र पर्खाल बनाएर भुइँमा ढलान र कालोपत्रका विकल्पमा दुई इन्च बाक्लो कटिङ ढुङ्गा बिछ्याएर सिमेन्टले जमाउने काम भइरहेको बेनी नगरपालिकाका प्राविधिक गौरीश्वर रिजालले बताउनुभयो। उहाँका अनुसार चालु आवको बजेटबाट गलेश्वर प्रवेशद्वारबाट मन्दिरतर्फ एक सय छ मिटर दूरीमा सात हजार १०० घनमिटर ढुङ्गा बिछ्याइनेछ। त्रिपन्न घनमिटर पर्खाल र २० मिटर पलम नाली निर्माण भएको छ। मुक्तिनाथ र मुस्ताङ जावतजावत गर्ने पर्यटक तथा भक्तजनलाई गलेश्वरमा भित्र्याउने र उनीहरूको बसाइ लम्ब्याउने उद्देश्यले सुरू गरिएको सौन्दर्यकरणको योजनालाई आगामी आवमा पनि गलेश्वर शिवालय क्षेत्र विकास कोष र अन्य सङ्घसंस्थासँग साझेदारी गेरर निरन्तरता दिने वडाध्यक्ष केसीले बताउनुभयो। गलेश्वर बजारभित्रका सडकमा ढुङ्गा बिछ्याएपछि सार्वजनिक यातायातका साधन बजार बाहिरको कालीगण्डकी करिडोरको सडकबाट मात्र आवतजावतको व्यवस्था मिलाइने उहाँले बताउनुभयो। भुइँमा बिछ्याइने ढुङ्गामा असर नपर्ने गरी बजारभित्र निर्माण सामग्री र उपभोग्य सामग्री आपूर्तिका सवारीसाधन सञ्चालन गर्न मिल्ने गरी संरचनाको डिजाइन गरिएको छ।

कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलको एउटै विशाल चट्टानमाथि रहेको गलेश्वर मन्दिरमा पूजाआजा र दर्शन गर्नाले मनोकाङ्क्षा पूरा हुने र पुण्य मिल्ने धार्मिक विश्वास छ। हिन्दू धर्मग्रन्थमा सतिदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउनको सोमबार, बालाचर्तुदशी र शिवरात्रि पर्वमा विशेष मेला लाग्ने छ। दैनिक नित्य पूजाआजा हुने गर्छ।

# हत्या अभियोगमा दुई जना पक्राउ

**रासस**
तनहुँ, ६ असार

तनहुँमा हत्या अभियोगमा आज दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा मकवानपुरको हेटौँडा उपमहानगरपालिका-३ हटिया घर हाई हाल तनहुँको देवघाट गाउँपालिका-५ बस्ने ४२ वर्षीय राम लामा र पाल्पाको तानसेन नगरपालिका-८ नयाँपाटी घर भई हाल देवघाट गाउँपालिका-५ बस्ने २८ वर्षीय बुद्ध सारुमगर रहेको आँबुखैरेनी इलाका प्रहरी कार्यालयले जनाएको छ।

इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक टेकप्रसाद सुवेदीअनुसार देवघाट गाउँपालिका-५ बद्रीमुक्ति टोलका ३२ वर्षीय प्रकाश पौडेलको कर्तव्य गरी हत्या गरेको अभियोगमा उनीहरूलाई पक्राउ गरिएको हो। पक्राउ परेका दुवै जना ज्याला मजदुरी गर्ने हुन्। शुक्रबार बिहान पौडेल घरदेखि अन्दाजी तीन सय मिटरको दूरीमा रहेको कच्ची सडकमा लडिरहेको अवस्थामा स्थानीयवासीले भेटेका थिए। उनलाई तत्काल उपचारका लागि भरतपुर अस्पताल चितवन लगिएकामा उनको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

घटनापश्चात प्रहरी निरीक्षक सुवेदीको नेतृत्वमा पुगेको टोलीले अनुसन्धान गर्दा निजहरु मादक पदार्थ सेवन गरी भैँभगडा गरेको खुल्न आएको छ। पक्राउ परेका दुई जनाले पौडेललाई कुटपिट गरेका थिए। प्रहरी निरीक्षक सुवेदीले भन्नुभयो, "गए राति सँगै बसेर मादक पदार्थ सेवन गरी भगडा भएको रहेछ, दुई जनाले पौडेललाई कुटपिट गरी हत्या गरेको खुलेको छ।"

# नेपालद्वारा नेदरल्याण्ड्स पराजित

**रासस**
काठमाडौं, ६ असार

स्कटल्याण्डमा जारी त्रिकोणात्मक टि-२० आई शृङ्खलामा नेदरल्याण्ड्सलाई पराजित गर्दै नेपाल विजयी भएको छ।

स्कटल्याण्डको ग्लासगोमा भर्खरै सम्पन्न खेलमा नेपालले नेदरल्याण्ड्सलाई छ विकेटले पराजित गर्दै विजयी भएको हो। यस जितसँगै तीन खेलमा चार अङ्क जोडेको नेपाल नेट रनरेटमा नेदरल्याण्ड्सलाई पछाडि पार्दै तालिकाको शीर्षस्थानमा उक्लिएको छ। खेलमा एक सय ७५ रनको लक्ष्य पछ्याएको नेपालले १९ दशमलव चार ओभरमा चार विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो। नेपालको जितमा ओपनर कुशल भुर्तेलले सर्वाधिक ६५ रनको योगदान दिए। उनले ५१ बलमा छ चौकाको सहयोगमा ६५ रनको अर्धशतकीय पारी खेले। त्यसैगरी, नेपालका अर्को ओपनर आसिफ शेखले कुशलसँग पहिलो विकेटका लागि २२ रनको साझेदारी गर्दै छ बलमा सात रनका साथ आउट भए। दोस्रो विकेटका लागि कुशलले भीम सार्कीसँग मिलेर ५४ रनको साझेदारी गरे। भीमले १६ बलमा दुई चौका र एक छक्काको सहयोगमा २७ रनमा आउट भए।

कप्तान रोहितकुमार पौडेलले सात बलमा पाँच रन जोड्दै आउट भए। आरिफ शेखले २३ बलमा तीन चौका र दुई छक्काको सहयोगमा ३९ रन जोडे। उपकप्तान दीपेन्द्रसिंह ऐरीले १२ बलमा १६ रनमा अविजित रहे। लोकस बम चार बलमा १२ रनमा अविजित रहे। नेदरल्याण्ड्सका रोलफ भान डर, मर्वे बेन फ्लेचर, आर्यन दत्त र जाच लायन काचेटले समान एक-एक विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङको निम्तो पाएको नेदरल्याण्ड्सले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ७४ रनको योगफल बनाएको थियो। नेदरल्याण्ड्सका लागि ओपनर माइकल लेभिटले सर्वाधिक ८६ रनको योगफल बनाए।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाव |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# प्रभावकारी बन्दै कृषक पाठशाला : रासायनिक विषादी बिख हो, औषधि होइन

-कमल खत्री
गण्डकी, ६ असार/रासस



बेनी नगरपालिका-१ आनन्दबगरका रुद्रबहादुर थापामगर करेसाबारीमा कुटो, कोदालो र कापीकलम एकैसाथ बोकेर पस्नुहुन्छ । सामान्यतया खेतबारीमा घरेलु औजार बोकेर काम गर्न जाने प्रचलन रहे पनि थापा भने कृषिखेतीको सिकाइका लागि घरेलु कृषि औजारसँगै सिकेका कुरा टिपोट गर्न कापीकलम बोकेर खेतबारीमा पुग्न थाल्नुभएको हो ।

गत पुसदेखि आनन्दबगरका २५ जनाले थापाले जस्तै गरी कृषि पढिरहेका छन् । बेनी नगरपालिकाले किसानलाई प्राङ्गारिक उत्पादनको ज्ञान, सीप र क्षमताको विकास गर्न एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) कृषक पाठशाला सञ्चालन गरेपछि यहाँका किसान साप्ताहिक रूपमा खेतबारीमा सञ्चालन हुने पाठशालामा पढ्न पुग्छन् । आनन्दबगर आइपिएम कृषक पाठशालामा आबद्ध सदस्यले सामूहिक रूपमा गौँलभेडाखेती गरेका छन् । व्यावहारिक रूपमा उचित बीउको छनोट, नर्सरी र खेती गर्ने जमिनको व्यवस्थापन, बाली लगाउने तरिका, मलजल, गोडमेल र फल उत्पादन भएपछि टिप्नेसम्मका ज्ञान, सीप पाठशालाले सिकाउने गरिएको छ । पाठशालामा बीउ जमाउने र बिरुवा लगाउनेदेखि फल टिप्नेसम्मका ज्ञानका साथै रोगकीराको स्थानीय उपचारका बारेमा सैद्धान्तिक र व्यावहारिक ज्ञान सिक्ने अवसर मिलेको स्थानीय किसान सरिता बानियाँ खड्काले बताउनुभयो ।

"खेती गर्ने आधारभूत सीप सिक्नका लागि आइपिएम कृषक पाठशाला निकै प्रभावकारी भयो, रोगकीराको पहिचान र उपचारको तरिका र उपायसमेत सिक्यौँ", बानियाँले भन्नुभयो । यहाँका किसानलाई टनेल र खुला ठाउँमा गौँलभेडाखेती गर्न व्यावहारिक रूपमा तालिम दिइएको छ । पुसदेखि सुरु भएको पाठशालामा किसानले सामूहिक रूपमा लगाएको गौँलभेडा अहिले उपभोगयोग्य भएको छ । उत्पादन भएको गौँलभेडा पाठशालामा सहभागी किसानले बाँडेर उपभोग गर्ने र धेरै उत्पादन भएमा बिक्री गर्ने लक्ष्य लिइएको छ । बेनी नगरपालिका-४ डाँडाखेतको गौँलभेडाखेतीमा पनि आइपिएम कृषक पाठशाला सञ्चालन भइरहेको छ । यहाँका किसानले पनि तालिममा सिक्दै सामूहिक रूपमा लगाएको गौँलभेडा अहिले लटरम्म फलेका छन् । खेती गर्ने प्रविधि आधुनिक र रोगकीराको उपचार गर्न अर्गानिक विधिबारे जानकारी पाएपछि यहाँका किसान उत्साहित भएका छन् । एउटा बाली विशेषमा किसानलाई निपूर्ण बनाउन आइपिएम कृषक पाठशाला सञ्चालन गरिएको हो । खेतबारीमा सञ्चालन हुने पाठशालामा किसानको हातबाट बीउ जमाउन तथा बिरुवा रोप्न लगाउने र उनीहरूकै हातबाट गोडमेल र स्याहार गरेर फलेको फललाई उपभोग र बजारीकरणसम्मको काम हुने भएकाले यो पाठशाला निकै उपयोगी बन्दै गएको छ । बेनी नगरपालिकाले यस वर्ष वडा नं १ आनन्दबगरमा गौँलभेडा, २ गौश्वारामा काउली, ३ भकिम्लीमा अकबरे खुर्सानी, ४ डाँडाखेतमा गौँलभेडा, ६ डम्मरामा कोसेबाली सिमी, ५ पुलाचौर र ९ घतानमा आलुखेतीमा आइपिएम कृषक पाठशाला सञ्चालन गरेको छ । हरेक बालीमा १८ देखि २२ हप्तासम्म किसानलाई खेतबारीमा व्यावहारिक र सैद्धान्तिक ज्ञान प्रदान गरिएको बेनी नगरपालिकाका कृषि अधिकृत आकृति ढुङ्गानाले बताउनुभयो । "पाठशालामा सहजकर्ताले विषादीरहित उत्पादन गर्न र खेतीबालीमा जैविक मलको प्रयोग बढाउन किसानलाई सिकाउनुभएको छ, नगरपालिकाले आइपिएम कृषक पाठशालालाई हरेक वर्ष फरकफरक ठाउँमा निरन्तरता दिँदै आएको छ, किसानलाई दक्ष बनाएर स्वस्थ बालीको उत्पादन गर्न यो कार्यक्रमले प्रेरित गर्ने अपेक्षा गरेका छौँ", कृषि अधिकृत ढुङ्गानाले भन्नुभयो । आइपिएम कृषक पाठशाला सञ्चालनका लागि नगरपालिकाले हरेक समूहका लागि रु एक लाख ५० हजारका दरले बजेट विनियोजन गरेको छ । बेनी नगरपालिकाको आइपिएम कृषक पाठशालामा जिल्लाकै अगुवा किसान सोवित शर्मा, क्षेत्रबहादुर कटुवाल र हरिराम पौडेलले सहजकर्ताका रूपमा काम गर्नुभएको छ । हरेक समूहमा साताको एक दिन दैनिक चार घण्टा पाठशाला सञ्चालन हुने गर्छ । पाठशालामा स्थानीयस्तरमा उपलब्ध प्राङ्गारिक मल, गाईभैँसीको मूत्र र जैविक विषादीको प्रयोगबाट रोगकीरा व्यवस्थापन गर्न व्यावहारिक अभ्याससमेत गराउने गरिएको छ । पाठशालामा तरकारीखेतीसँगै धान, मकै, गहुँलगायत खाद्यबाली, सुन्तला, कागतीलगायत फलफूलमा आइपर्ने समस्या र रोगकीरा व्यवस्थापनमा जैविक विषादीको प्रयोगको सम्बन्धमा समेत किसानलाई सिकाइएको छ ।

### रोगकिराको उपचारमा प्राङ्गारिक विधि प्रभावकारी

बेनी नगरपालिका-६ डम्मराका किसानले खेतीबालीमा लाग्ने रोगकीराको उपचारमा रैथाने सीप र विधिलाई प्रयोगमा ल्याउन थालेका छन् । पाठशालामा व्यावहारिक ज्ञान, सीपको क्षमता विकास गरेर किसानले खेतीबालीमा लाग्ने रोगकीराको उपचारमा स्थानीय वानस्पतिक विषादी बनाएर प्रयोगमा ल्याएका हुन् । पाठशाला सञ्चालनको लागि करिब एक रोपनी क्षेत्रफलमा गरिएको कोसेबालीमा देखिएका रोगकीराको समस्या समाधान गर्न प्याजको पात, केतुकी, पाती, असुरोलगायतका तितो, पिरो, टर्रो र अमिलो हुने प्रजातिका वनस्पति र वस्तुभाउको मूत्रबाट जैविक विषादी बनाएर प्रयोग गरिएको स्थानीय भरना थापाले बताउनुभयो । "पहिले खेतीबालीमा केही समस्या भए बजारबाट विषादी किनेर ल्याउने गर्थ्यौँ, अहिले सिमीमा लागेको रोगकीरामा वानस्पतिक झोलको प्रयोग गर्‍यौँ, समस्या पनि हल भयो, नगद खर्च पनि भएन", उहाँले भन्नुभयो । वानस्पतिक विषादीको प्रयोगले कृषि उपजसमेत स्वस्थकर हुने गर्छ । पाठशाला सञ्चालनपछि गाउँघरका स्रोत र साधनलाई प्रयोग गरेर कृषकको उत्पादन बढाउने र रोगकीराको पहिचान गरेर उपचार गर्ने ज्ञान सीप हासिल भएको तालिममा सहभागी स्थानीय किसान पशुपति भण्डारी खत्रीले बताउनुभयो । हरेक साताको बिहीबार चार-चार घण्टाको दरले डम्मरा माझखेत कृषक पाठशाला सञ्चालन हुँदै आएको छ । तालिममा सिमी र बोडीसँगै आलुलगायत खेती र अन्नबालीको बीउ लगाउनेदेखि फल उत्पादनसम्मका सिकाइ भएको स्थानीय कमला परियारले जानकारी दिनुभयो । किसानलाई व्यावहारिक सिकाइका लागि लगाइएको भट्टेसिमी, एसनाइन सिमी, हाइब्रिड सिमी, मिटरबोडी, मालेपाटन बोडीखेती गरिएको छ । सिमी र बोडी उत्पादन भएपछि किसानले घरायसी प्रयोगदेखि बिक्री गरेर आम्दानी गर्न थालेका छन् ।

### रासायनिक विषादी : बिख हो, औषधि होइन

बेनी नगरपालिकाले पाठशालामा किसानलाई बीउ र जग्गाको छनोटदेखि प्राङ्गारिक बाली उत्पादनमा लाग्ने सीप र ज्ञान आर्जन गर्ने थलो बनेको छ । पछिल्लो समय खेतीबालीमा आउने रोगकीराको उपचारमा सहरबजारमा पाइने रासायनिक विषादीको प्रयोग बढिरहेको र त्यसले किसानदेखि उपभोग गर्ने नागरिकको जनस्वास्थ्यमा ठूलो समस्या ल्याइरहेको सन्दर्भमा आइपिएम कृषक पाठशालामा प्राङ्गारिक खेतीलाई जोड दिने गरिएको सहजकर्ता सोवित शर्माले बताउनुभयो । "खेतीबालीको रोगकीराको उपचारका लागि बजारमा पाइने विषादी बिख हो, औषधि होइन भन्ने बुझाइ किसानमा बनाउन पाठशालाले निकै भूमिका खेलेको छ, हामीले किसानलाई रोगकीराको पहिचान गरेर स्थानीयस्तरमा बनाउन सकिने जैविक विषादीको प्रयोगका लागि प्रेरित गरेका छौँ, स्वस्थ कृषि उपजले मात्र स्वस्थ नागरिक बन्न सघाउने कुरा बुझाएका छौँ", सहजकर्ता शर्माले भन्नुभयो । बजारमा अहिले बाहिरबाट आयात गरिएका तरकारी र फलफूलमा प्रतिबन्धित विषादीको प्रयोग गर्ने गरिएको र त्यसले मानव स्वास्थ्यमा गम्भीर असर पुर्‍याउने गरेको छ । खेतीबालीमा रोगकीराको महामारी आएको सन्दर्भमा मात्र सुरक्षितजन्य विषादीको प्रयोग गर्ने र प्रयोग गरेपछि कृषि उपजको तत्काल उपभोग नगर्ने सन्दर्भमा समेत किसानलाई जानकारी गराइएको अर्का सहजकर्ता क्षेत्रबहादुर कटुवालले बताउनुभयो । उहाँले पाठशालामा किसानलाई जैविक विषादी बनाउने प्रयोगात्मक सीप सिकाइएकाले नगरपालिका क्षेत्रमा प्राङ्गारिक कृषि उत्पादनको लहर ल्याउन पाठशालाले भूमिका खेल्ने अपेक्षा गरिएको बताउनुभयो । किसानलाई कोठाभित्र दिने तालिम औपचारिकतामा सीमित बनिरहेको सन्दर्भमा खेतबारीलाई नै पाठशाला बनाएर सञ्चालन गरिने आइपिएम कृषक पाठशाला किसानलाई व्यावहारिक ज्ञान र सीप विकास गर्ने उपयुक्त थलो बन्न थालेको छ ।

# उपल्लो मुस्ताङमा बागवानीको 'सेटलाइट कृषि फार्म'

पोखरापत्र संवाददाता
मुस्ताङ, ६ असार



उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-२ घमीमा मुस्ताङको मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्रको शाखाका रूपमा सेटलाइट कृषि फार्म स्थापना हुने भएको छ । बागवानीमा उत्पादन हुने शीतोष्ण फलफूल तथा तरकारीलाईसंरक्षणतथाप्रवर्द्धन गर्ने उद्देश्यले घमीमा सेटलाइट फार्म स्थापना गर्ने तयारी गरिएको हो ।

यसका लागि जग्गा प्राप्तिको प्रक्रिया अन्तिम चरणमा पुर्‍याएको शीतोष्ण बागवानी विकास केन्द्रका कार्यालय प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिनुभयो । त्यहाँ बागवानी केन्द्र मार्फाको शाखा फार्म स्थापनाका लागि आठ सय एक रोपनी जग्गा सरकारको नाममा दर्ज भइसकेको र अब केही महिनाभित्र बागवानी केन्द्रको नाममा लालपुर्जा प्राप्ति गर्ने प्रक्रिया टुङ्ग्याइने केन्द्र प्रमुख आत्रेयले बताउनुभयो ।

पछिल्लो समय जलवायु परिवर्तनका कारण स्याउलगायतका शीतोष्ण फलफूल तथा सागसब्जीहरूले विस्तारै उचाइतिर फल्ने क्रम सर्दै गइरहेकाले उपल्लो मुस्ताङको घमीमा बागवानीको सेटलाइट फार्म स्थापना गर्नुपर्ने अवस्था आइपरेको केन्द्र प्रमुख आत्रेयले उल्लेख गर्नुभयो । मुस्ताङको तल्लो भेकमा उत्पादन हुने स्याउ, ओखर, आरु, आरुबखडा, खुर्पानी, कागजी बदाम, अङ्गुरलगायत फलफूल जलवायुपरिवर्तनकाकारणमाथि लेकतिर उत्पादन हुन थालेका छन् । यिनै शीतोष्ण फलफूल तथा सागसब्जी बालीलाई जोगाउन उपल्लो मुस्ताङमा सेटलाइट फार्म स्थापना गर्ने तयारी गरिएको हो । उपल्लो मुस्ताङमा केन्द्रको शाखा विस्तार भएमा त्यहाँका किसानलाई ठूलो टेवा पुग्ने लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले बताउनुभयो । "उपल्लो मुस्ताङका किसानलाई फलफूल तथा तरकारीको बीउ र बिरुवा ढुवानी गर्न निकै समस्या छ, ढुवानी खर्च पनि महँगो पर्न जान्छ", अध्यक्ष विष्टले भन्नुभयो, "माथि नै बागवानीका शाखा स्थापना भएपछि उपल्लो भेकका किसानले सजिलै बिरुवा पाउने अवस्था हुन्छ, यो हामीहरूका लागि अवसर र खुसीको कुरा पनि हो ।" उपल्लो मुस्ताङमा फार्म स्थापना गर्न पालिका र स्थानीय समुदायले जग्गा प्राप्तिका लागि बागवानी केन्द्रलाई निरन्तर सहजीकरण गरिरहेको बताउनुभयो ।

केन्द्रका नाममा जग्गाप्राप्ति प्रक्रिया टुङ्गिनेबित्तिकै कार्यालय स्थापना र फार्म विस्तार गर्ने प्रक्रिया अघि बढाइने बागवानी विकास केन्द्रले जनाएको छ । उपल्लो मुस्ताङको घमीमा फार्मका लागि तीनवटा कित्ता रहेको र त्यहाँ विभिन्न फलफूल तथा तरकारीका बीउ तथा बिरुवा उत्पादन गर्न विभिन्न ब्लक निर्माण गरिने जनाइएको छ ।

केन्द्रले बर्सेनि किसानलाई पुस र माघमा स्याउलगायतका फलफूलका बिरुवा वितरण गर्ने गर्छ । तर त्यस समय उपल्लो मुस्ताङका किसान जाडो छल्न बेँसी झर्ने भएकाले त्यहाँ चैत, वैशाखमा मात्र स्याउका बिरुवा रोपण गर्ने गरिन्छ । उक्त समस्यालाई समाधान गर्न पनि उपल्लो मुस्ताङमा स्थापना हुने सेटलाइट फार्मले योगदान पुर्‍याउने केन्द्रको भनाइ छ ।

उपल्लो मुस्ताङमा ठूलो मात्रामा कृषि क्षेत्र विस्तार गर्न सकिने प्रचुर सम्भावना रहेको र मुस्ताङलाई अबको सयौँ वर्षसम्म पनि स्याउकै राजधानी भनेर चिनाउनका लागि पनि त्यहाँ स्थापना हुने फार्मले त्यहाँका किसानलाई थप उत्प्रेरित गराउने विश्वास केन्द्रले लिएको छ । करिब ३०-३५ वर्षअघि मुस्ताङको थासाङ गाउँपालिकाको घाँसा, लेते र कुञ्जो क्षेत्रमा राम्रो स्याउ उत्पादन हुने गर्थ्यो, तर जलवायु परिवर्तनका कारण अहिले उक्त स्थानमा स्याउखेती हुन छाडेको पनि वर्षौँवर्ष भइसकेको छ । जलवायु परिवर्तन र बढ्दो तापमानका कारण उक्त स्थानमा स्याउको सट्टामा समशीतोष्ण हावापानीमा हुने किवीफल उत्पादन हुन थालेको छ ।

मुस्ताङको मार्फास्थित शीतोष्ण बागवानी विकास केन्द्र २०२३ सालमा स्थापना भएको हो । फार्म स्थापनापश्चात मुस्ताङमा व्यावसायिक स्याउखेती प्रारम्भ भएको केन्द्रको भनाइ छ । मार्फाको बागवानी विकास केन्द्रले मुस्ताङका स्थानीय किसानलाई फलफूल तथा तरकारीको गुणस्तरीय बीउ र बिरुवा उत्पादन गरी बिक्री गर्ने गर्छ । हाल केन्द्रको कुल एक सय ९६ रोपनी जग्गा छ । जसमा मार्फामा एक सय ७५ रोपनी, घाँसामा २० रोपनी र जोमसोममा एक रोपनी जग्गा छ । केन्द्रले मार्फामा चारवटा ब्लकमा फलफूलका बिरुवा तथा तरकारी तथा सागसब्जीका बीउ उत्पादन गर्दै आइरहेको छ ।

# प्याजले उचित मूल्य पाएन

रासस
चितवन, ६ असार

जिल्लामा उत्पादित प्याजले उचित मूल्य पाउन सकेको छैन । कृषि तथा पशुपन्छि विकास मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत व्यावसायिक प्याज प्रवर्द्धन कार्यक्रमअन्तर्गत लगाइएको प्याजले उत्पादनपछि उचित मूल्य पाउन नसकेको हो ।

तीन पालिकामा लगाइएको प्याज उत्पादन भएर मूल्य नपाउँदा कतिपय किसानले सस्तोमा बेच्न बाध्य भएका छन् । भरतपुर महानगरपालिका-२१ का कृषक बाबुराम धमलाले १६ कट्ठामा लगाउनुभएको प्याजले बजार मूल्य नपाएर बोरामा थन्काउन बाध्य हुनुभएको छ । उहाँले भन्नुभयो, "मैले १८ क्विन्टल प्याज उत्पादन गरेको छु । तर बजारमा मूल्य पाउन सकिन ।" बजारमा मूल्य नपाएर विगत एक महिनादेखि बोरामा राख्न बाध्य भएको उहाँ बताउनुहुन्छ । व्यवसायीले प्रतिकिलो रु २५ भन्दा कममा प्याजको माग गर्ने गरेका धमलाले बताउनुभयो । लागत मूल्य पनि नउठ्ने भएकाले उचित मूल्य आएपछि बिक्री गर्ने योजना बनाएको उहाँले बताउनुभयो । भरतपुर महानगरपालिका-२५ की गीता रानाभाट उत्पादन गरेको प्याज प्रतिकिलो रु २० देखि रु ३० मा बेच्न बाध्य भएको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "भण्डारण गरेर राख्न समस्या भएकाले सस्तोमा बेच्न बाध्य भएका छौँ ।" जिल्लाका २२ वटा समूह, सहकारी र फर्ममार्फत कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो । ती फर्मामा उत्पादित प्याजले बजार भाउ पाउन नसकेको कार्यालयका सूचना अधिकारी रविकिरण अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "चितवनको १२ हेक्टर क्षेत्रफलमा करिब १२० टन प्याज उत्पादन भएको छ । यहाँ बजार पाउन कठिन भयो ।"

आयातित प्याजभन्दा यहाँ उत्पादित प्याजको मूल्य कम हुने, यहाँको प्याजको दाना सानो हुने, फुस्रो हुने हुँदा यहाँ उत्पादित प्याजले बजार र मूल्य पाउन नसकेको उहाँको भनाइ छ । नेपालमा हुने प्याज आयातलाई न्यूनीकरण गर्न कार्यक्रम गरिएको उल्लेख गर्दै सूचना अधिकारी अधिकारीले यसलाई भण्डारण गर्नसके अन्य समयमा उचित मूल्यसहित बजार पाउन सक्ने बताउनुभयो ।

उहाँले थप्नुभयो, "अहिले तरकारी बजारदेखि कुनै पनि व्यवसायीले नेपाली प्याज लिन मानेका छैनन् ।" प्याज बिक्री नहुँदा कुहिने, उम्रनेजस्तो समस्या देखिन थालेको उहाँले जानकारी दिनुभयो । अहिले देखिएको समस्या समाधानका लागि आगामी वर्षको कार्यक्रममा योजनाबनाउनेगरीकामभइरहेको अधिकारीलेबताउनुभयो। यहाँको भरतपुर महानगरपालिका, खैरहनी नगरपालिका र राप्ती नगरपालिकामा कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रम लागू गरिएको ठाउँमा रेडक्रियोल र नासिक ५३ जातको प्याजलाई व्यावसायिक खेतीमा प्रयोग गरिएको छ ।

# इक्यान कास्कीद्वारा पोखरामा न्यूजिल्याण्ड शिक्षा प्रशिक्षण

पोखरापत्र संवाददाता
पोखरा, ६ असार

पोखरामा न्यूजील्याण्ड शिक्षा प्रशिक्षण-२०२५ सम्पन्न भएको छ ।

व्यवसायिक विद्यार्थी सल्लाहकारहरू' को लागि नेपाल शैक्षिक परामर्श संघ (इक्यान) कास्कीले प्रशिक्षण कार्यक्रम आयोजना गरेको हो । अप एजुकेशन एण्ड अकल्याण्ड इन्स्टिच्युट अफ स्टडीजको सहयोगमा बिकन एजुकेसन एण्ड भिसा सर्भिसको पहलमा कार्यक्रमको आयोजना गरिएको इक्यान कास्कीका उपाध्यक्ष सन्तोष शाहीले जानकारी दिए । कार्यक्रममा बिकन एजुकेसन एण्ड भिसा सर्भिसका संचालक हुमनाथ अर्यालले न्यूजीलयाण्डमा अध्यन गर्न जानका लागि आवश्यक प्रकृयाका वारेमा जानकारी गराएका थिए । यस्तै इक्यान कास्कीका सल्लाहकार तुलसीराम कार्कीले बैदेशीक अध्यनका वारे भनाइ राखेका थिए । कार्यक्रको उद्घाटन सत्रमा बोल्दै इक्यान केन्द्रका उपाध्यक्ष भुवन बहादुर क्षेत्रीले अस्वस्थ प्रतिष्पर्धा नगर्न शैक्षिक परामर्श कम्पनी संचालकहरुलाई आग्रह गरे । आफुले संचालन गरेको संस्थालाई बैधानीक रुपमा दर्ता गरेर स्वस्थ रुपमा व्यवसाय गर्न उनले सुझाव दिए । इक्यान कास्कीका अध्यक्ष ओमप्रकाश गैह्रेले संस्थागत क्षमता अभिबृद्धिका लागि विभिन्न कार्यक्रम संचालन गरिरहेको जानकारी दिए ।

संस्थागत मर्यालालाई मिचेर हुने कामलाई रोक्न इक्यान कास्की लागि रहेको उनको भनाइ थियो । प्रशिक्षण कार्यक्रममा इक्यान कास्कीका सचिव सुरेन्द्र बरालले संचालन गरेका थिए ।